प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

कृषि विकास निर्देशनालय

# पुष्प विकास केन्द्र,

बागमती प्रदेश, गोदावरी, ललितपुर

## शिलबन्दी दरभाउपत्र आहवानको सूचना

(प्रकाशित मिति २०७७/१२/१२)

यस केन्द्रमा यस आ.व. २०७७/०७८ मा तपसीलका कार्यहरु ठेक्काबाट गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित मितिले निर्धारित समयभित्र तपसीलमा उल्लेखित शर्तहरुको अधिनमा रही इच्छुक इजाजत प्राप्त कम्पनी/व्यवसायीबाट शिलबन्दी दरभाउपत्र पेश गर्न आह्वान गरिन्छ ।

**शर्तहरु :**

१. दरभाउपत्र फारम निर्धारित समयभित्र कार्यालय समयभित्र दरभाउपत्रदाता वा निजको अधिकृत प्रतिनिधिले रु. १०।- को टिकट टाँस गरिएको निवेदन तथा तल उल्लेख भए बमोजिमको रकम (पछि फिर्ता नहुने) बुझाई यस केन्द्रबाट खरीद गर्न सक्नेछ । निवेदनको साथमा चालु आ.व. को लागि नविकरण भएको इजाजत पत्र, आयकर एवं मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र र आ.व. २०७६/७७ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी समेत पेश गर्नु पर्नेछ ।

२. सि.नं. १ मा उल्लेखित सिलबन्दी दरभाउपत्र फारमको लागि रु. १०००।- (अक्षरेपी रु. एक हजार मात्र) नगदै (फिर्ता नहुने गरी) यो सूचना प्रकाशित भएको मितिले १५ दिनसम्म बुझाई प्राप्त गर्न सकिने छ ।

३. दरभाउपत्र यो सूचना प्रकाशित भएको मितिले १६ औं दिन दिनको १२:०० बजे भित्र यस केन्द्रमा दाखिला गरिसक्नु पर्नेछ । प्राप्त शिलबन्दी दरभाउपत्रहरु सोही दिन दिनको २:०० बजे खोलिने छ । दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहबरमा दरभाउपत्रहरु खोलिने छ । प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन । उक्त दिन सार्वजनिक बिदा परेमा बिदापछि कार्यालय खुलेको पहिलो दिन माथि उल्लेखित समयमा फारमहरु बुझाउने र खोल्ने कार्य हुनेछ ।

४. दरभाउपत्र फारमसाथ तल उल्लेख भए बमोजिमको धरौटी रकम श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, ललितपुरको नाममा श्री नेपाल बैङ्क लि., गाबहाल, ललितपुरमा रहेको धरौटी खाता नं ०१८०२०००००२००३००००01 (कार्यालय कोड नं. ३१२०१३४०२३) मा नगद जम्मा गरिएको सक्कल भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंकबाट यस केन्द्रको नाममा जारी गरिएको दरभाउपत्र बुझाउने अन्तिम दिनबाट १२० दिन म्याद भएको बैंक ग्यारेन्टी (विड बण्ड) को सक्कल प्रति अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

५. दरभाउपत्र फारममा आइटमवाइज दररेट अंक र अक्षर दुवैमा लेखिएको हुनु पर्नेछ । अंक र अक्षर फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

६. दरभाउपत्रदाताले दरभाउपत्र साथ दरभाउपत्रदाता खरीद कारबाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरीद कारबाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसुरमा आफूले सजाय नपाएको भनी लिखित रुपमा गरेको स्वयं घोषणाको सक्कल प्रति समेत पेश गर्नु पर्नेछ ।

७. यस सूचनाको सि.नं १, ४ र ६ मा उल्लेख भए बमोजिमको कागजातहरु संलग्न नभएको, रित नपुगेको, म्याद नाघी प्राप्त भएको, कुनै शर्त राखेको, दस्तखत, छाप नभएको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन ।

८. दरभाउपत्र र अन्य कागजातहरुलाई शिलबन्दी खामभित्र राखी खाम बाहिर दरभाउपत्र दाताको नाम र ठेगानाका साथै ठेक्का नम्बर स्पष्टसँग उल्लेख गर्नु पर्नेछ ।

९. दरभाउपत्र स्वीकृत गर्ने, नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस केन्द्रमा सुरक्षित रहने छ ।

१०. यस सूचनामा उल्लेख गर्न छुट भएका अन्य शर्त/ब्यहोराहरु दरभाउपत्र फारममा उल्लेख भए बमोजिम साथै सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ र अन्य प्रचलित कानून अनुसार हुनेछ ।

तपसील :

| सि. नं. | ठेक्काको किसिम | ठेक्का नं. | कामको विवरण | फारम दस्तुर | धरौटी/बैंक ग्यारेण्टी रकम | लगत इष्टिमेट अंक (भ्याट सहित) |
|---|---|---|---|---|---|---|
| १ | दरभाउपत्र | FDCGodawari/works/02/077-78 | Contruction of Hi-tech Greenhouse | १०००।०० | ४७,०००।०० | १८,६९,६३९।९५ |
| २ | दरभाउपत्र | FDCGodawari/works/03/077-78 | Staff quarter maintenance | १०००।०० | २४,०००।०० | ९,५२,९२१।६५ |

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
पुष्प विकास केन्द्र, गोदावरी
बागमती प्रदेश, ललितपुर, नेपाल